मिति २०८३/०३/२४ गतेको कार्यपालिका बैठकका निर्णयहरु

## निर्णय नं. १

आ. व २०८१।०८२ माजिल्ला समन्वय समिति र नगरपालिकाको साझेदारीमा लगानी हुने गरी योजना स्वीकृत भई कार्यन्वयन सुरु भएको र विभिन्न कारणले सम्पन्न हुन नसकी चालु आ. व मा सम्पन्न भएको ठेक्का नं NCB/11/081/082 Construction of Civil Infrastructure at Different Ward Offices, Helth Centres and Schools योजनाको भुक्तानी दिनुपर्ने रकम मध्ये जि. स. स बाट प्राप्त हुने रकम मध्येको रु २,२१,३४९(अक्षरेपी दुई लाख एक्काइस हजार तीनसय उन्पचास) कम आएकाले सो रकम नगरपालिकाको समपुरक कोषका लागि विनियोजन भएको रकमबाट भुक्तानी गर्ने निर्णय गरियो ।

## निर्णय नं. २

चालु आ.ब. मा मध्येपूर्वको देशहरुमा भएको युद्ध लगायतका कारणले विटुमिन लगायतका निर्माणजन्य सामाग्रीहरुको अस्वभाविक मुल्यवृद्धि तथा वर्षातको कारणले देहायका योजनाहरु तोकिएको समयमा सम्पन्न हुन नसक्ने भएकोले कार्यप्रगतिका आधारमा समयसीमा तोकी म्याद थप गर्ने निर्णय गरियो ।

देहाय

| क्र.सं. | योजनाको नाम | सम्झौता रकम | भुक्तानी बाँकी रु |
|---|---|---|---|
| १ | Construction of Black Topped Road at ward no. 2, 3 & 9 | २१९२३४७२.६३ | ९८२८०३६.३१ |
| २ | Construction of Black Topped Road at Ward no. 3 & 4 | ३,५१४,१९१.८० | २७६९१६१.६२ |
| ३ | Road Infrastructrue including Black Topped Works at Ward no. 1 to 11 | २३४९६६७९.९७ | ११०९९६४४.४९ |
| ४ | Maintenance Works of Municipal Black Topped Roads in Different Wards | ८,४७८,७७०.०० | ७३७८७७०.०० |
| ५ | Construction of Black Topped Road at Om Shanti Path | ११५६७५४.८७ | ८४३३५१.७२ |
| जम्मा | | ७१३३३६६७.५ | ३९२५४९४८.३ |

## निर्णय नं. ३

मिति २०८२/०७/२४ र २०८३/०१/२४ गतेको नगर कार्यापालिकाको निर्णय बमोजिम वुटवल गोरुसिङ्गे चन्द्रौटा सडक आयोजनाको निर्माण कार्यका लागि निर्माण कम्पनी SCEGC-ANS JV, भरतपुर-१०, चितवनसँग यस नगरपालिकाबीच देहायका क्षेत्रमा सम्झौता बमोजिम राजश्व जम्मा गरी नदीजन्य पदार्थ र माटो उत्खननका लागि अनुमति दिईएकोमा वन कार्यालयले उत्खनन गर्ने कार्य रोक्का गरी दिन लेखि आएको कारण सम्झौता बमोजिम नदीजन्य पदार्थ र माटो नगरपालिका क्षेत्र बाहिर निकासी गर्न रोक लगाइएको साथै निर्माण कम्पनीले नदी जन्य पदार्थ र माटो उत्खनन तथा निकासी गर्न नपाएको कारण राजश्व फिर्ताका लागि निवेदन दिएको र सम्झौता बमोजिम निकासी नभएको प्राविधिक प्रतिवेदन र स्थलगत मुचुल्का समेतका आधारमा पुष्टि हुन आएकाले तपसिलको रकम सम्वन्धित कम्पनीलाई फिर्ता

दिने र सम्झौता बापत पेश भएको बैंक जमानत फुकुवाका लागि सम्बन्धित बैंकमा लेखी पठाउने निर्णय गरियो ।

देहाय

१. नेपाल सामुदायिक योग तथा प्राकृतिक चिकित्सालय परिसर वडा नं. १ को नगद राजश्व रु.७२५०१७३२.१२ (कुनै पनि परिमाणमा नदीजन्य पदार्थ निकासी नभएको)
२. वडा नं. ११ को नगद राजश्व रु.१२४२९५१.७७ (कुनै पनि परमाणमा माटो निकासी नभएको)
३. वडा नं. ९ को हकमा तुलाराम गुरुको माटो उत्खनन भएको वास्तविक परिमाण कुल २६२०.८० घ. मि. को प्रति घ.मि. को दरले आउने प्रति घ.फि. रु.४ रोयल्टी रु.२६५७०३ कट्टागरी उत्खनन हुन नसकेको बाँकी परिमाणको राजश्व रकम रु.३३०२०१९.२४ ।

## निर्णय नं. ४

वन तथा भू-संरक्षण विभागको पत्रानुसार फोहरमैला व्यवस्थापन केन्द्र निर्माण हुने स्थान वडा नं १० मा रहेको एकला पहाडको जग्गाको वन विकास कोषमा जम्मा गर्नु पर्ने रकम रु १ करोड ८५ लाख रहेको तर चालु आ.व.मा उक्त शिर्षकमा विनियोजित रकम अपुग हुने देखिएकोले अपुग हुने रकम विभिन्न योजनाहरुको लागि समपुरक कोष (म्याचिङ्ग फण्ड) का लागि विनियोजित रकम र अन्य शीर्षकमा वचत हुने रकमबाट भुक्तानी दिने निर्णय गरियो ।

## निर्णय नं. ५

नगरपालिकाबाट भूमि प्रशासन सम्वन्धी सेवा २०८३ असारको दोस्रो हसाबाट सञ्चालन गर्ने गरी आवश्यक तयारी गरिएकोमा मालपोत नियमावली उक्त समयसम्म संशोधन भई नआएकोले सेवा सञ्चालन हुन नसकेकोमा हाल उक्त कानून संशोधन भइ आएको तथा नगरपालिकाबाट कर्मचारीहरुले सो सम्वन्धी तालिम समेत लिई सकेकोले श्रावणको पहिलो हसा देखि सो सेवा सञ्चालन गर्ने निर्णय गरियो ।

## निर्णय नं. ६

नगरपालिकासँग सम्बन्धित देहायका कार्यविधि, निर्देशिका र मापदण्डहरु स्वीकृत स्वीकृत गर्ने निर्णय गरियो ।

देहाय

१. कर्मचारी कल्याण कोष सञ्चालन कार्यविधि
२. अनुगमन तथा मूल्यांकन कार्यविधि
३.वार्षिक वजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धी कार्यविधि
४. सुरक्षित आप्रवासन सम्बन्धी कार्यविधि
५. कन्टिन्जेन्सी खर्च सञ्चानल सम्वन्धि कार्यविधि ।
६. कार्यक्रम ब्रेकडाउन गर्ने सम्बन्धी कार्यविधि ।

७. लैंगिक हिसा निवारण राहात कोष सञ्चालन कार्यविधि ।
८. सैनामैना नगरपालिकाको सिफारिस सम्वन्धी मापदण्ड ।
९. क्षमता विकास योजना ।
१०. व्यवस्थापन परिक्षण निर्देशिका ।

## निर्णय नं. ७

सैनामैना नगरपालिका र सो अन्तरगत सेवा करारमा कार्यरत कर्मचारीहरुको म्यादमिति २०८३ असार मसान्तसम्म रहेकोमा यस नगरपालिकाको आधारभूत स्वास्थ्य सेवा,विभिन्न कार्यक्रम तर्फ र कार्यालयको दैनिक सेवा सञ्चालनका लागि अति आवश्यक भएका तथा लुम्विनी प्रदेश सरकारबाट जारी गरिएको स्थानीय निजामती सेवाको गठन सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०८१ को दफा १० को उपदफा १८ मा स्थानीय स्वायत्त शासन ऐन २०५५ बमोजिम अस्थायी वा करार सेवामा निरन्तरत कार्यरत स्थानीय तहको स्वीकृत दरवन्दीमा समेत अभिछिन्न रुपमा करार सेवामा कार्यरत कर्मचारीहरुलाई प्रदेश लोक सेवा आयोगले विज्ञापन गरी सिमित प्रतियोगिता गराइ पदपुर्ती गरिनेछ भन्ने व्यवस्था रहेकोले सो व्यवस्थालाई समेत मध्यनजर गरी २०८३ पौष मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो ।
मिति द्ण्ड सेवा करारको म्याद थप गर्ने निर्णय।

## निर्णय नं. ८

देहायका प्रस्तावहरु मिति २०८३/०३/२६ गतेको नगर सभामा वैठकमा पेश गर्ने निर्णय गरियो ।

<u>देहाय</u>

१. नगरपालिकाको व्यवस्थापन तथा सर्भेक्षण प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धी ।
२. सैनामैना नगरपालिकाको सरकारी सम्पति वहालमा लगाउने सम्वन्धी विधेयक, २०८३ र
३. सैनामैना नगरपालिकाको कार्यसम्पादनमा आधारित प्रोत्साहन सुविधा उपलब्ध गराउने सम्वन्धी (पहिलो संशोधन) विधेयक, २०८३
४. राजश्व फिर्ताको अनुमोदन सम्वन्धमा ।
५. न्यायीक समिति, विधायन, सुशासन लेखा समितिका प्रतिवेदनहरु ।
६. आ.व.२०८२/०८३ को कार्यपालिका बैठक अनुमोदन सम्वन्धमा ।
७. विविध

## निर्णय नं. ९

संघीय सरकारबाट प्राप्त हुनु पर्ने वित्तिय समानिकरण अनुदान रकम मध्ये ९२ प्रतिशत मात्र प्राप्त भएकोले समानिकरण अनुदान स्रोतबाट विनियोजित देहायका आयोजनाहरुमा रकम भुक्तानीका लागि रकम अपुग भएको हुँदा ती योजनाहरु मर्मत सम्भार कोष, समपुरक कोष र अन्य वचत रकमबाट भुक्तानी गर्ने निर्णय गरियो ।

मिति २०८३/०३/२४ गतेको कार्यपालिका बैठकका निर्णयहरु

देहाय

१. वडा नं. ३ स्वास्थ्य सेवा केन्द्र रङ् रोगन रु. ९६३३६।–

२. वडास्तरीय मर्मत सम्भार वडा नं. ९ रु.८७२३४९।–

३. वडा नं. १ वडा कार्यालय परिसरमा बुद्धको मुर्ति स्थापना रु. ३८०९०।–

४. वडास्तरीय पुरानो कुलो घोला सरसफाई सैनामैना ४ रु. ५६४८०।–

५. शान्तीपथ लुम्विनी रोडको पश्चिमतर्फ घोलामा तटवन्ध वडा नं. ७ रु.४२०३०।–

६. अधुरो कोसेली घर निर्माण सैनामैना १० रु.१८३८०४०।-

निर्णय नं. १०

सैनामैना नगरपालिका वडा न ९ गैरे पेट्रोल पम्म नजिकै भेटिएको अवैध २८३ घन मि ग्राभेल लिलाम बढाबढ गर्ने गरी विक्रि गर्ने निर्णय गरियो ।

तुलसीराम
प्रमुख प्रशा

उपेन्द्र प्रसाद शर्मा
नगर प्रमुख